# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

स्वास्थ्य शाखा

**औषधी खरिद सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७६।०७।०६**

| सि.नं. | बोलपत्र नं | कामको विवरण | इष्टिमेटड रकम रु. |
|---|---|---|---|
| १ | ०१।२०७६।०७७ (स्वास्थ्य) | नि:शुल्क वितरणको लागि औषधी खरिद | रु.२९,९८,०२४। (अक्षरुपी उनन्तीस लाख अन्ठानब्बे हजार चौविस रुपैया मात्र ) |

चालु आ.व.२०७६।०७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सिलवन्दी बोलपत्रको माध्यमवाट (एलोपेथिक) औषधीहरु खरिद गर्नु पर्ने भएको हुँदा इच्छुक इजाजत प्राप्त फर्म/संस्था वा कम्पनी र औषधी व्यवसायीले सिलवन्दी वोलपत्र खरिद गरी पहिलो पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र रु.३,०००। (अक्षरुपी रु.तिन हजार मात्र ) फिर्ता नहुने गरी यस कार्यालयमा नगद वुझाएको नगदी रसिद निवेदन साथ संलग्न राखी कार्यालय समय भित्र बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयवाट वोलपत्र खरिद गर्न सकिनेछ । वोलपत्र खरिद गर्नका लागी निवेदकको आ.व.०७६।०७७ को लागी नविकरण गरेको कम्पनी दर्ता प्रमाणपत्र र फर्म दर्ता प्रमाण-पत्र, औषधी व्यवसायी प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, आ.व.२०७५।०७६ को करचुक्ता प्रमाण-पत्र प्रमाणित प्रतिलिपी र सिलवन्दी वोलपत्र दर्ता गर्दा जमानत वापत वोलकवोल रकमको २.५ प्रतिशतले हुने रकम रा.वा.बैंक, धनगढी स्थित धनगढी उप-महानगरपालिकाको खाता नं.४१७०३०३००७१०२ मा नगदै दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्पनीमा १२० दिन म्याद भएको मान्यता प्राप्त 'क' श्रेणीको वाणिज्य बैंकको यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक भौचर सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु हुन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । साथै सिलवन्दी वोलपत्र सोही दिन ३१ औं दिनको दिउसो २.०० वजे खोलिनेछ ।

सिलवन्दी वोलपत्र खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो सम्बन्धी काम सोको भोलिपल्ट सोही समयमा हुनेछ । शर्त राखी आएको , म्याद नाघी आएको र रित नपुगेको वोलपत्र उपर कारवाही गरिने छैन । वोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । यस सूचनामा उल्लिखित व्यहोरा यसै अनुसार हुने छन र छुटेका कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सोको नियमावली बमोजिम हुने छन् । यस उप्रान्त चालु आ.व. ०७६।०७७ भित्र तोकिएको गुणस्तर अनुसारका औषधीहरु थप खरिद गर्नु परेमा स्वीकृत बोलपत्रको दररेटको आधारमा सम्बन्धित बोलपत्र स्वीकृत भएको फर्म/कम्पनीले यस कार्यालयलाई आपूर्ति गर्नु पर्नेछ ।

सिलवन्दी वोलपत्र सम्बन्धी विस्तृत जानकारीको लागी यस कार्यालयको वेवसाइट www.dhangadhimun.gov.np मा हेर्न र फोन नं.०९१-५२०४२९ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत